# चिलिङ्गभ्याट वितरण कार्यविधि, २०७०
## (पहिलो शंसोधन, २०७१)

## १. पृष्ठभूमि

ग्रामीण स्तरमा उत्पादित दूध, दुग्ध उत्पादक सहकारी संस्थामा संकलन भई दूध चिस्याउने केन्द्रमा चिस्याउने कार्य गरी दुग्ध उद्योगसम्म पुग्ने गरेको मूल्य श्रृंखलाबाट देखिन्छ । दुग्ध उत्पादक सहकारी संस्थाहरुमा आर्थिक अभावको कारणले दूध संकलन पश्चात् शितकृत कार्य (cold chain maintain) गर्न नसकेर दूधको गुणस्तर विग्रने गरेको पाईन्छ । यसका साथै दुग्ध उद्योगीहरुको पहुँच समेत संस्थाहरुमा न्युन रहेको देखिन्छ । दूध उत्पादन बृद्धि गर्ने गरी निर्वाहमुखी पशुपालनलाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाउन र वजारसम्म पहुँच बढाउन राष्ट्रिय दुग्ध विकास बोर्डले शितकृत कार्यका लागि दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यवसायिक पशु फार्म/निजी दुग्ध उद्योगीहरुलाई चिलिङ्गभ्याट वितरणमा अनुदान दिने कार्यक्रम गर्ने तय गरेको छ । यसबाट दूधको गुणस्तर कायम गरी बजार व्यवस्थाको सुनिश्चित गर्न सहयोग पुग्ने छ ।

## २. उद्देश्य

- दूधको गुणस्तरमा सुधार आई गुणस्तरयुक्त दुग्ध पदार्थ बनाउन सहयोग पुग्ने ।
- दुग्ध व्यवसायीकरणमा सहयोग पुग्ने ।
- स्थानीय बजारमा लघु दुग्ध उद्योगको प्रबर्द्धन हुने ।
- दुग्ध उद्योगको विकास तथा विस्तारमा सहयोग पुग्ने ।

## ३. कार्यविधि

### ३.१ प्रस्ताव आह्वानः

दुग्ध उत्पादक सहकारी संघ/संस्था/ व्यवसायिक पशु फार्म/दुग्ध उद्योगीहरुलाई दुग्ध व्यवसाय सुदृढिकरण गर्न ५०० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु. १,००,०००/(एकलाख रुपैंया मात्र), १००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.२,००,०००/(दुईलाख रुपैया मात्र), २००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.३,५०,०००/(तीन लाख पचास हजार रुपैया मात्र), र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.५,००,०००/(पांच लाख रुपैया मात्र) अनुदान दिने प्रस्ताव आह्वान गरिने छ .

प्रस्ताव आह्वानको सूचना अनुसूची-१, प्रस्तावको ढांचा अनुसूची-२ तथा प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु अनुसूची-३ बमोजिम हुने छ ।

### ३.२ प्रस्ताव मूल्याँकनः

दफा ३.१ बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई राष्ट्रिय दुग्ध विकास बोर्डबाट गठित मूल्यांकन उप-समितिले मूल्यांकन गरी प्रतिस्पर्धाको आधारमा छनौट गर्नेछ । प्रस्ताव मूल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् ।

क. राष्ट्रिय दुग्ध विकास बोर्डको स्वीकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिम प्रस्ताव माग गर्नेछ ।

ख. सूचना प्रकाशन पश्चात् अनुसूची-२ अनुसारको ढाँचामा, अनुसूची-४ अनुसारको निवेदन सहित सरोकारवाला दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यवसायिक पशु फार्म/निजी दुग्ध उद्योगीहरुले अनुसूची-५ अनुसार संस्था दर्ता भएका कार्यालयबाट सिफारिससाथ कागजातहरु राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवनमा प्रस्ताव पेश गर्नु पर्ने छ ।

घ. प्रस्तावको साथमा अनुसूची-३ अनुसारका कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ, माग बमोजिमका कागजातहरु अपुग भएमा प्रस्ताव स्वत रद्ध हुने छ ।

ङ क्षेत्रगत जिल्लाको संख्याको आधारमा समानुपातिक हिसाबले प्रत्येक क्षेत्रलाई लक्ष्य बिभाजन गरी सोही अनुसार अनुदान बितरण गरिनेछ ।

च. प्राप्त प्रस्तावहरु अनुसूची-६ अनुसार मूल्यांकन गरी प्रतिस्पर्धा गराई छनौट गरिने छ ।

छ. छनौट भएका संघ/संस्था/निकायलाई अनुसूची-७ अनुसार सम्झौता गरिनेछ ।

### ३.३ मूल्यांकन उप-समिति

राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिद्धारा गठित तपसिल वमोजिमको मूल्यांकन उप-समितिले अनुदानको लागि कार्यविधि तयार गर्न, संसोधन गर्न, प्रस्ताव आह्वान तथा प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन गरि स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास वोर्ड समक्ष सिफारिस गर्नेछ ।

| | |
|---|---|
| कार्यकारी निर्देशक रा.दु.वि.वोर्ड | (संयोजक) |
| विषय विज्ञ, वोर्ड सदस्य, रा.दु.वि.वोर्ड | सदस्य |
| दुग्ध उद्योग प्रतिनिधि, वोर्ड सदस्य, रा.दु.वि.वोर्ड | सदस्य |
| प्रतिनिधि, के.दु.स.संघ | सदस्य |
| प्रतिनिधि, दुग्ध विकास संस्थान | सदस्य |
| प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| अनुसन्धान अधिकृत, रा.दु.वि.वोर्ड | (सदस्य सचिव) |

१) दफा ३.३ वमोजिम गठित उप-समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

२) उप-समितिले वैठकको कार्यक्रम आफै निर्धारण गर्नेछ ।

३) समस्या सामाधानका लागि गठित उप-समितिमा आवश्यकता अनुसार अन्य प्रतिनिधिहरु आमन्त्रित गर्न सक्नेछ ।

**४. अनुगमन**

अनुदान प्राप्त चिलिङ्गभ्याट उपयोग सम्बन्धी अनुगमन राष्ट्रिय दुग्ध विकास बोर्डले गर्ने छ।

**५. भुक्तानी गर्ने विधि**

बोर्डबाट स्थलगत अध्ययन गरी, चिलिङ्ग भ्याट खरीद गरेको मूल्य अभिवृद्धिकर सहितको विल पेश गरे पछि मात्र बोर्डले अनुदान रकम भुक्तानी गर्ने छ।

**६. बिविध**

यस कार्यविधि अनुसार सम्पन्न गरीने कामको सिलसिलामा कुनै बिवाद वा भ्रम श्रृजना भएमा सो को निराकरण गर्ने जिम्मेवारी सम्बन्धित राष्ट्रिय दुग्ध विकास बोर्डको हुनेछ र सो को निर्णय नै अन्तिम हुने छ।

**७. कार्यविधि संसोधन/खारेजी**

राष्ट्रिय दुग्ध विकास वोर्डको सिफारिसमा आवश्यकता अनुसार यस कार्यविधिमा नेपाल सरकार, कृषि विकास मंत्रालयले आवश्यक संसोधन/परिमार्जन एवं खारेजी गर्न सक्नेछ।

**८. कार्वाहीको व्यवस्था**

प्रस्ताव स्वीकृत भएका निकायहरुले प्रस्ताव र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून वमोजिम कारवाही गरी सरकारी वांकी सरह रकम असुल उपर गरिने छ।

**९. प्रचलित कानुन लागु हुने**

अनुदानमा चिलिङ्ग भ्याट वितरण कार्यक्रम कार्यान्वयनका सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम कार्यवाही हुनेछ।

## अनुसूची–१

# प्रस्ताव आव्हानको सूचना

राष्ट्रिय दुग्ध विकास बोर्ड
चिलिङ्ग भ्याट खरीदमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः .......

यस वोर्डको आ.व. २०७३/७४ मा दुग्ध उत्पादक सहकारी संघ/जिल्ला दुग्ध उत्पादक सहकारी संस्था/व्यवसायिक पशु फार्म/निजी दुग्ध उद्योगीहरुलाई शितकृत (cold chain maintain) का लागि चिलिङ्गभ्याट खरीद गर्न अनुदान दिने सम्वन्धमा प्रस्ताव आव्हानका लागि सुचित गरीन्छ ।

१ प्रस्तावमा पेश भए अनुसारका अनुदान रकमः
५०० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदका लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु. १,००,०००/(एकलाख रुपैंया मात्र), १००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदका लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.२,००,०००/(दुईलाख रुपैया मात्र), २००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदका लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.३,५०,०००/(तीन लाख पचास हजार रुपैया मात्र), र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीदका लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु.५,००,०००/(पांच लाख रुपैया मात्र) अनुदान रकम उपलव्ध गराईने छ ।

२. यो अनुदान रकम ५०० लीटर, १००० लीटर, २००० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट खरीद कार्यको लागि उपलब्ध गराइने छ ।

३. प्रस्तावमा देहायका विषयहरु समावेश भएको हनुपर्नेछः
क) संस्थाको परिचय
ख) उद्देश्य
ग) संस्थासंगको विद्यमान भौतिक सुविधाहरु
घ) संकलन हुने दूधको परिमाण तथा लाभान्वित परिवारको संख्या
ङ) चिलिङ्गभ्याटको लागत मूल्य तथा संस्थाले व्यहोर्ने रकम
च) प्राप्त अनुदान रकम वरावरको रकम आफ्नो तर्फवाट थप गरी सामान खरीद गर्ने प्रतिबद्धता ।

४. प्रस्ताव पेश गर्दा यस कार्य विधिको अनुसूची २, ३, ४, ५ र ८ मा उल्लेख भए बमोजिमको कागजातहरु पेश गर्नु पर्ने छ ।

५. आवेदक संस्थाले गत ३ वर्ष भित्र यसै कार्यका लागि कुनै सरकारी वा गैर सरकारी निकायवाट वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्ने छ ।

६. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

७. चिलिङ्गभ्याट सम्वन्धी कार्यविधि, अनुसूची एवं विस्तृत विवरण बोर्डको सूचना पाटी तथा website: www.nddb.gov.np मा हेर्न सक्नु हुने छ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।
फोन नं. ०१–५५२५४००/५५४४७४७

## अनुसूची-२
## परियोजना प्रस्तावको ढाँचा

१. संस्थाको परिचय (नाम, ठेगाना, स्थापना साल, दर्ता भएको निकाय, सम्पर्क नम्वर...)

२. उद्देश्य

३. परियोजनाको आवश्यकता

४. दैनिक दूध संकलन तथा व्यवस्थापन

५. कति क्षमताको चिलिङ्ग भ्याटको माग गरीएको हो सो को लागत इष्टिमेट तथा संस्थाले व्यहोर्ने प्रतिशत रकम खुल्नु पर्ने

६. चिलिङ्ग भ्याट स्थापनाका लागि आवश्यक पूर्वाधार पानी, विजुली, बाटो, भवन आदि सम्वन्धी विवरण (अनुसूची-८ बमोजिम)

७. परियोजनाको सम्भाव्यता विस्तृत विवरण

- प्राविधिक पक्ष (हाल अपनाइरहेको प्रविधि, प्राविधिक कर्मचारी तथा त्यसको स्तर आदि)
- आर्थिक पक्ष (लगानीको श्रोत खुल्नु पर्ने)
- बजार पक्ष (सम्बन्धीत पक्षले आफै दूध विक्री गर्नु परेमा)
- सामाजिक पक्ष (लाभान्वित कृषक संख्या/समूह)
- वातावरणीय पक्ष

## अनुसूची-३
## प्रस्ताव साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु

१. अनुसूची–४ अनुसारको निवेदन

२. अनुसूची–५ अनुसारको सिफारिश पत्र

३. अनुसूची–२ अनुसारको परियोजना प्रस्ताव

४. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपि ।

५. चिलिङ्ग भ्याट स्थापना गर्ने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी साथै घर भाडामा लिएको भए सो को सम्झौता पत्रको प्रतिलिपि ।

६. नेपाली नागरिकता वा किसान परिचय पत्रको प्रमाणित प्रतिलिपि

७. कार्यक्रम संचालन गर्ने प्रतिवद्धता

८. खरीद गर्न चाहेको चिलिङ्ग भ्याटको गुणस्तर तथा परिमाण सम्वन्धि ब्रोसर वा डकुमेन्ट ।

## अनुसूची–४
## निवेदनको ढांचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय दैनिक..........मा प्रकाशित सूचना अनुसार जिल्ला............गा.बि.स.............बजार/गाउँ.............मा सन्चालित...............दुग्ध सहकारी संस्था/जिल्ला दुग्ध सहकारी संघ/व्यवसायिक/निजी दुग्ध उद्योगीलाई चिलिङ्गभ्याटको आवश्यकता परेको हुंदा जिल्ला पशु सेवा कार्यालय............अथवा डिभिजन सहकारी कार्यालय.........को सिफारिस सहित आवश्यक कारवाहीको लागि प्रस्ताव पेश गरेको छु ।

प्रस्तावक संस्थाको तर्फबाट

संस्थाको अध्यक्षको नाम
दस्तखत
छाप

## अनुसूची-५
## जिल्ला पशु सेवा कार्यालय अथवा डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति....................को राष्ट्रिय दैनिक...................मा प्रकाशित सूचना अनुसार जिल्ला....................गा.बि.स..........................बजार/गाउँ..................मा सन्चालित................ दुग्ध सहकारी संस्था/जिल्ला दुग्ध सहकारी संघ/निजी व्यवसायिक पशुपालक कृषकले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, उक्त संस्था आ.व........................ निरन्तर रुपमा सन्चालन भई दैनिक .................लिटर दुध संकलन/प्रशोधन गर्ने भएको र उक्त संस्थाबाट.......................कृषक परिवार लाभान्वित भई रहेको हुंदा नियमानुसार चिलिङ्ग भ्याट खरीदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु ।

कार्यालय प्रमुख

नाम
पद
दस्तखत
कार्यालयको छाप

## अनुसूची-७
## सम्झौता पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०...../..... को स्वीकृत नेपाल सरकार तर्फको कार्यक्रम अनुसार ............(क्षमताको) चिलिङ्गभ्याट खरीदका लागि अनुदान दिन पेश भएको प्रस्ताव मध्ये मिति .................मा बसेको छनौट उप-समितीको बैठकबाट श्री........................................(संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र ..........................................................(संस्थाको नाम, ठेगाना) (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसार सेवा र शर्त अनुसार सम्झौता गरी बुझिलियौं/दियौं ।

१) दोस्रो पक्षको प्रस्तावना अनुसार (............संस्था रहेको ठाउँ र जिल्ला) मा स्थापित.........................(संस्थाको नाम)का श्री...........................(प्रतिनिधिको नाम) लाई चिलिङ्गभ्याट............. क्षमताको खरीद गर्न प्रथम पक्षबाट अनुदान स्वरुप लगानी गर्नुपर्ने रकम रु........(अक्षरेपी.......................... मात्र) भुक्तानी गरिने छ ।

२) दोस्रो पक्षले प्रथम पक्षको परामर्श तथा सहमति अनुसार गुणस्तरीय सामानहरु खरीद गरी संस्था र फार्ममा आम्दानी भएको दाखिला रिर्पोट प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३) प्रथम पक्षबाट अनुदानस्वरुप उपलब्ध रकमबाट खरीद सम्पूर्ण सरसामग्रीहरुको मर्मत संभार दोस्रो पक्षले गर्नु पर्ने छ ।

४) प्रथम पक्षले स्थलगत अध्ययन गरी, दोश्रो पक्षले चिलिङ्गभ्याट खरीद गरेको मूल्य अभिवृद्धि सहितको विल पेश गरेपछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५) प्रथम पक्षको अनुदानमा खरीद चिलिङ्गभ्याट दोश्रो पक्षले तीन वर्षसम्म विक्री वा अन्यलाई हस्तान्तरण गर्न पाइने छैन ।

६) दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमको प्रगति प्रथम पक्षलाई वार्षिक रुपमा उपलव्ध गराउनु पर्नेछ ।

७) प्रथम पक्षबाट कुनै पनि वेला अनुगमन गरी सम्झौता अनुसारको काम भए/नभएको स्थलगत जानकारी लिइकाम नभएको पाइएमा नियमानुसार कार्यबाही गरीने छ ।

८) प्रथम पक्षवाट अनुदानमा प्राप्त भएको चिलिङ्गभ्याट (..........क्षमताको) जिल्ला ............गा.वि.स/न.पा..........वडा नं..........टोलका संघ/संस्था/फार्म/दुग्ध उद्योगमा उपयोगमा ल्याइनेछ ।

९) दोश्रो पक्षले अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड तथा मेशिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

१०) दोश्रो पक्षले अनुदान प्राप्त गरेपछि सो को जानकारी सम्वन्धित जिल्लाको सिफारिश निकाय(पशु सेवा कार्यालय/डिभिजन सहकारी विभाग)मा अनिवार्य रुपले गराई सो को वोधार्थ यस वोर्डमा उपलव्ध गराउनु पर्नेछ ।

इति सम्वत् ..................साल ................... महिना .........गते रोज ......... शुभम ।

## अनुसूची- ८

# चिलिङ्गभ्याट स्थापना गर्न आवश्यक पूर्वाधार शर्तहरु

१. दूध संकलन र दुग्ध पदार्थ वनाउन पर्याप्त स्थानको व्यवस्था हुनु पर्नेछ ।

२. खानेपानीको पर्याप्त व्यवस्था भएको हुनु पर्नेछ ।

३. संकलन एवं चिस्यान कक्षको भूईमा सफा गर्न सजिलो हुनेगरी चिप्लो टायल र पक्का भुई हुनु पर्नेछ ।

४. संकलन एवं चिस्यान कक्षबाट निस्कने फोहर पानी निकासलाई वातावरण नबिग्रने गरी तह लगाउने व्यवस्था हुनु पर्नेछ ।

५. पर्याप्त संकलन एवं चिस्यान कक्ष पर्याप्त हावा वहन हुन सक्ने, पर्याप्त उज्यालो आउने र छाना उपयुक्त किसिमको वस्तु प्रयोग गरी छाएको हुनु पर्नेछ ।